# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०२) पोखरा, फागुन ०५ गते, २०७६ साल (संख्या ०६

## भाग ३

### प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

सम्वत् २०७६।०९।०९ गते बसेको मन्त्रिपरिषद्को बैठकले देहाय बमोजिमको निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

मिति २०७६ साउन १ गतेदेखि लागू हुने गरी देहाय बमोजिमका पदाधिकारीको पारिश्रमिक देहाय बमोजिम हुनेः-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सदस्य, प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको लागि संलग्न अनुसूची बमोजिमको नयाँ तलवमान।
२. प्रदेश सरकारको कुनै पद सरहको तलव सुविधा सरकारी बजेटबाट पाउने गरी नियुक्त भएका प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष र

सदस्यहरु, मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकार, स्वकीय सचिवालयका कर्मचारीहरुलाई सम्वन्धित पदको नयाँ तलवमान सरह उपलब्ध गराउने र छ महिना सेवा अवधि पूरा गरेको अवस्थामा निजहरुलाई एक महिनाको तलव बरावरको रकम चाडपर्व खर्च उपलब्ध गराउने।

३. मुख्य न्यायाधिवक्ताको पारिश्रमिक उच्च अदालतका न्यायाधीशको नयाँ तलवमान बमोजिम हुने।

# अनुसूची

## २०७६ साउन १ गतेदेखि लागू हुने तलबमान

| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरु | | |
|---|---|---|
| **क.सं.** | **पदाधिकारी** | **मासिक** |
| १ | मुख्यमन्त्री | ७०,७३०/- |
| २ | मन्त्री | ६०,३२०/- |
| ३ | राज्यमन्त्री | ५६,८४०/- |
| ४ | सहायक मन्त्री | ५४,५२०/- |
| **प्रदेश सभाका पदाधिकारीहरु** | | |
| ५ | सभामुख | ६१,४८०/- |
| ६ | विपक्षी दलको नेता र उपसभामुख | ५८,०००/- |
| ७. | सत्ता पक्षको प्रमुख सचेतक र विपक्षी दलको प्रमुख सचेतक | ५६,८४०/- |
| ८. | समितिका सभापति | ५६,८४०/- |
| ९. | दलका सचेतक | ५४,५२०/- |
| १०. | सदस्य | ५२,२००/- |

**आज्ञाले,**
**रामेश्वर दंगाल**
**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-